# गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार
## कार्यविधि
## २०७५

**१. प्रस्तावना :**

नेपालमा वन संरक्षणको कार्य अत्यन्त जोखिमपुर्ण रहेको तथ्य विभिन्न घटना परिघटनाले चरितार्थ गरेको अवस्था छ। विभिन्न कालखण्डमा वन संरक्षण कार्यमा खटिएका राष्ट्रसेवक कर्मचारीहरुले आफ्नो ज्यान उत्सर्ग गर्ने परिस्थिति समेत देखिएको छ। यसै सन्दर्भमा नेपालको वन संरक्षण, विकास र व्यवस्थापनको क्षेत्रमा विभिन्न समयको अन्तरालमा वन रक्षक, शसस्त्र वन रक्षक, फरेष्टर, रेन्जर लगायत विभिन्न अधिकृत दर्जा समेतका कर्मचारीहरु फिल्ड क्षेत्रमा खट्दा चोटपटक, अङ्गभङ्ग लगायत ज्यानै समेत गुमाउनु परेको तितो तथ्य हामी सामु छन्। यिनै गतिविधिको शिकार बनेका पछिल्लो पात्रहरु मध्येमा पर्साका वन रक्षक स्व. रामलाल साह र ताप्लेजुङका वन रक्षक स्व. गणेश बहादुर शाही। रामलाल साह २०६६ पौष ३ गते काठ तस्करहरुसँगको मुठभेडमा मारिएका थिए भने आफ्नो कर्तव्यपालनको सिलसिलामा जंगल संरक्षणमा खटिएको ताप्लेजुङका वनरक्षक स्व. गणेश बहादुर शाहीको मिति २०७३ पौष ३ गते नै नृसंस हत्या गरिएको थियो। यिनै हत्या गरिएका गणेश बहादुर शाहीको स्मृतिमा नेपालको वन संरक्षण, विकास र व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरष्कृत गर्ने र त्यस्तो कार्यमा खटिने कर्मचारीको मनोबल सदा उच्च राखी वन क्षेत्रको संरक्षण कार्यलाई अझै प्रभावकारी बनाउने हेतुले वन तथा भू-संरक्षण विभागले यि संरक्षण शहिदको स्मृतिमा "गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार" प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न यो कार्यविधि बनाएको छ।

२. यस कार्यविधि को नाम "गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार" हुनेछ।

**३. पुरस्कार छनौट र मूल्याङ्कन समिति :**

गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कारको छनौट तथा मुल्याङ्कन गर्ने प्रयोजनको लागी तपशिल बमोजिमको एक पुरस्कार छनौट र मूल्याङ्कन समिति गठन गरिने छ।

**तपसिल**

| | |
|---|---|
| क) उपमहानिर्देशक, वन तथा वन्यजन्तु संरक्षण महाशाखा, वन तथा भू-संरक्षण विभाग | संयोजक |
| ख) उप-सचिव (प्रा), वन तथा वातावरण मन्त्रालय | सदस्य |
| ग) उप-सचिव (प्रा), वन्यजन्तु संरक्षण शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| घ) उप-सचिव (प्रा), इकोलोजिष्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| ङ) उप-सचिव (प्रा), वन संरक्षण शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| च) उप-सचिव (प्रा), वन व्यवस्थापन शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| छ) उप सचिव, प्रशासन शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| ज) नेपाल वन प्राविधिक संघ, नेपाल वन पेशाकर्मी संघ र जुनियर वन प्राविधिक संघको प्रमुख वा प्रतिनिधी एक/एक जना | ३ जना सदस्य |
| झ) उप-सचिव (प्रा), सामाजिक वन शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य-सचिव |

**४. समितिको काम, कर्तव्य तथा अधिकार :**

पुरस्कार छनौट र मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. पुरस्कारको लागि सूचकाङ्क आवश्यकता अनुसार परिमार्जन गर्ने, अनुमोदन गर्ने र पुरस्कारको लागि संभाव्य उम्मेदवार सिफारिस गर्ने डिभिजन कार्यालय तथा प्रदेश वन निर्देशनालयमा पत्राचार गर्ने, सूचना प्रकाशन गर्ने।

ख) पुरस्कारको राशी, पुरष्कृत गर्ने कर्मचारी संख्या तथा अन्य कार्यको लागि आवश्यक रकम वार्षिक कार्यक्रममा समावेश गर्ने ।

ग) पुरस्कारको लागि प्रदेश वन निर्देशनालयहरुबाट प्राप्त सिफारिसको आधारमा मूल्याकन गरी पुरस्कारको लागि उत्कृष्ट एक जना उम्मेदवार छनौट गर्ने ।

घ) छनौट भएका उम्वेदवारहरुको लागि यसै कार्यविधिको बुदा नं ६ (घ) अनुसारको नगद पुरष्कार तथा प्रमाण पत्र व्यवस्थापन गर्नको लागि विभागीय निर्णय गर्न सिफारिस गर्ने ।

ङ) पुरष्कार वितरण गर्ने ।

च) पुरष्कृत कर्मचारीको नामावली प्रकाशन गर्ने ।

५. समितिको बैठक :

क) समितिको बैठक संयोजकले तोके बमोजिम आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको गणपूरक संख्या दुई तिहाईको हुनेछ । तर, प्रथम बैठकमा गणपूरक संख्या नपुगेमा दोस्रो बैठकमा पचास प्रतिशत सदस्यको उपस्थितिलाई गणपुरक मानिनेछ ।

६. पुरष्कार छनौटको प्रक्रिया आधार, सूचकाङ्क र पुरष्कार :

क) पुरष्कार छनौटका लागि डिभिजन वन कार्यलयहरुबाट वन रक्षक, सशस्त्र वन रक्षक, फरेष्टर, रेन्जर लगायत रा.प.अनं. प्र श्रेणीका कर्मचारी मध्येबाट १ जना उत्कृष्ट कर्मचारीको नाम गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कारका लागि सिफारिस गरी वन निर्देशनालयमा पठाउने ।

ख) प्रदेश वन निर्देशनालयले डिभिजन वन कार्यालयबाट शिफारिस भई आएका मध्ये एक जना उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कारको लागि शिफारिस साथ वन तथा भू-संरक्षण विभागमा पठाउने ।

ग) प्रदेश वन निर्देशनालयबाट वन तथा भू-संरक्षण विभागमा प्राप्त सिफारिसहरुको देहाय बमोजिमका छनौटका आधार र सूचकाङ्कका आधारमा समितिबाट मूल्याकन गर्ने ।

घ) विगतमा वन संगठनमा रहि वन संरक्षणमा योगदान पुर्‍याएका पुर्व कर्मचारी मध्येबाट र मरणोपरान्त मध्येबाट पनि छनौट गर्न सकिनेछ ।

तालिका -१

| क्र.सं. | पुरष्कार छनौटका आधार | पुरष्कार छनौटका सुचकांक | अंकभार |
|---|---|---|---|
| १ | जोखिम वहन गर्न सक्ने क्षमता र गरेको अवस्था | • मुठभेडको नियन्त्रण<br>• वन क्षेत्रको गस्ती गरेको समय<br>• वन अपराधीको पक्राउ (संख्यामा) | ३० |
| २ | अनुशासन तथा आज्ञापालन गरेको वा गरिरहेको | • सुपरिवेक्षकको सिफारिस<br>• समयपालना र नियमितता | १० |
| ३ | शारीरिक तन्दुरुस्ती (हाल वा तत्काल) | • कर्मचारीको शारीरिक अवस्था | १० |
| ४ | कामको अनुभव (हाल वा तत्काल) | • सेवा अवधि | १५ |
| ५ | कामको ज्ञान (हाल वा तत्काल) | • प्रशिक्षण लिएको संख्या र किसिम | १५ |
| ६ | प्रकोप नियन्त्रण र व्यवस्थापनमा पुर्‍याएको योगदान | • प्रकोप नियन्त्रणमा खटिएको समय<br>• प्रकोप नियन्त्रण गरे बापत प्राप्त गरेको पुरस्कार, सम्मान तथा प्रशंशापत्र | २० |

7

ध) समितिले प्राप्त सिफारिसहरुको मूल्यांकन गरी देहाय अनुसारको पुरस्कारको सिफारिस गर्ने

१. गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार प्रथम १ जना वन रक्षक/स.व.र./फरेष्टर/रेञ्जरलाई रु. एक लाख नगद र सम्मान पत्र ।

२. गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार दोस्रो १ जना वन रक्षक/स.व.र./फरेष्टर/रेञ्जरलाई रु. पचास हजार नगद र सम्मान पत्र ।

३. गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार तेस्रो १ जना वन रक्षक/स.व.र./फरेष्टर/रेञ्जरलाई रु. पच्चीस हजार नगद र सम्मान पत्र ।

४. प्रदेश वन निर्देशनालयबाट सिफारिस भई आएका वन रक्षक/स.व.र./फरेष्टर/रेञ्जर वन रक्षक मध्येबाट गणेश बहादुर शाही संरक्षण सान्त्वना पुरस्कार ४ जनालाई रु. ४० हजार नगद (प्रति व्यक्ती रु. दश हजारका दरले) र सम्मान पत्र ।

७. विविध :

(क) पुरस्कार सम्बन्धी विवाद आएमा समितिले विवाद निरुपणको लागि वन तथा वातावरण मन्त्रालयमा सिफारिस साथ पठाउने र मन्त्रालयबाट हुने गणेश बहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार सम्बन्धी निर्णय अन्तिम हुनेछ ।